# नेपाल गजेट


## नेपाल सरकारद्वारा प्रकाशित

खण्ड २] काठमाडौं आश्विन २८ गते २००६ साल [संख्या १


बखत बखतमा प्रकाश हुने गजेटमा छापिने विषयहरू देहायको क्रमले रहनेछन् । तर यसमा हप्ता हप्तामा जुन जुन विषय प्रकाशित हुने ठहर्छन्, तिनै तिनै विषयहरू छापिनेछन् ।

भाग १ (क) सरकारी घोषणा, इश्तिहार इत्यादि ।

(ख) खारेजी र नयाँ ऐन, सार्वभौम सवाल, सनद इत्यादि ।

(ग) सरकारद्वारा नियोजित कुनै कमेटी वा कमिशनको रिपोट इत्यादि ।

(घ) नयाँ भर्ना, सरुवा, बढुवा इत्यादि ।

(ङ) कायममुकायम तैनाथी इत्यादि ।

(च) कानूनमन्त्रालय, न्यायालयको विज्ञप्ति इत्यादि ।

(छ) जेल पुलीस आदिको विज्ञप्ति इत्यादि ।

(ज) साधारण सूचना, उर्दी इत्यादि ।

(झ) जन्म मरणको संख्या ।

(ञ) हल्लाको खण्डन ।

(ट) अफिसरहरूको बिदा ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) श्री ५ र मन्त्रीहरुको यात्रा, शुभेच्छामण्डल आदिको कार्यक्रम
(ड) पब्लिक सर्भिसकमिशनको सूचना ।
(ढ) इलेक्शनकमिशनको सूचना ।

भाग २ (क) अर्थविभागसम्बन्धी विज्ञप्ति ।
(ख) सरकारी ब्याङ्क, मुलुकीखाना, कौशी आदिको प्रकाशित, प्रचलित मुद्रा, नोट र तत्सम्बन्धी सूचनासमेत ।

भाग ३ (क) उद्योग वाणिज्य र खाद्य सम्बन्धी सरकारी विज्ञापन इत्यादि ।
(ख) नियन्त्रित बजारभाउ, मुद्राविनिमय इत्यादि ।

भाग ४ (क) कृषि, भूमिसुधारसम्बन्धी सूचना इत्यादि ।
(ख याम, हावा, पानी र खोलानालीको सूचना इत्यादि ।

भाग ५ (क) शिक्षासम्बन्धी सूचना ।
(ख) शिक्षाविभागको परीक्षाफल ।

भाग ६ (क) स्वायत्त शासनसम्बन्धी प्रबन्ध, सूचना इत्यादि ।
(ख) नगरपञ्चायत ।
(ग) ग्रामपञ्चायत ।

भाग ७ (क) स्वास्थ्यसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।
(ख) रोगग्रस्त भई मर्नेको संख्या ।

भाग ८ वनविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ९ साधारण राज्यव्यवस्था र परराष्ट्रविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १० रक्षाविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग ११ यातायातविभागसम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

भाग १२ संसद्—सम्बन्धी सूचना, विज्ञप्ति इत्यादि ।

भाग १३ विकाश तथा योजनासम्बन्धी विज्ञप्ति, सूचना इत्यादि ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## भाग १

## गृहविभागको सूचना

काठमाडौं भैंसे सडक निर्माणकामको निमित्त भारत सरकारबाट मिलटरी युनिट् खटी आई काम गर्ने भएकोले उक्त कामको बारे जरुरी काममा सरकारी माल सामानको बाल्गीरी भर मद्दत आदि पब्लिकवर्कस र सञ्चार विभागबाट लिनुपर्ने भएमा लिए हुन्छ. सरोकारवाला कुनै विभागले चाहिने मद्दत माल सामान बाल्गीरी आदि दिनामा ढीला सुस्ती हुनु हुँदैन. ढीला सुस्ती हुन गएमा सरकारको कडा कार्रवाई हुनेछ भनी सबै विभागलाई सूचना गर्नुपर्ने भनी पब्लिकवर्कस र सञ्चार विभागबाट लेखिआएकोले सोबमोजिम भरमद्दत माल सामान बाल्गीरी चाहिएमा दिने गर्नु गराउनु होला।

## गृहविभागको सूचना

हाल विभाग विभागहरूमा ठेकिएका पिवनहरू मध्येबाटनै सबै विभागमा पाले सिस्टम चलाउने र हरेक विभागका सेक्रेटरी र अड्डाका हाकिमले आफ्नो या अड्डाको सबै अर्टिकमाल्स सुरक्षा गर्न विभागमा अड्डाको एकजना सुहाउँदो मानिसलाई जिम्मा लगाउने कोठाहरू सफा सुघर गर्न र यस्तै अरु अरू किसिमका काम गर्न समेत १ घन्टा अगाडि अफिसरहरू खुल्ने बारे नारायणहिटी दरवारबाट लेखी आएको हुनाले सोहीबमोजिम गर्न जो चाहिने प्रबन्ध मिलाउनु होला भन्ने राज्यब्यवस्थाबाट लेखी आएकोले सोबमोजिम गर्ने गराउने प्रबन्ध गर्नू।

डिपुटी सेक्रेटरी
गृह विभाग,

905

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# गृहविभागको सूचना

यही २००६ साल आश्विन १ गतेदेखि हाजिर गोस्वारा अड्डा खारेज गरी आफ्ना विभाग र आफ्ना आफ्ना विभाग मातहताका अड्डाहरूको सरकारी कर्मचारीहरूको हाजिर गर्ने र उर्दी सामेल बिदा छाड्नेसमेत साविक हाजिर गोस्वाराले गरी आएबमोजिम गर्नुपर्ने सबै काम विभाग विभागका सेक्रेटरीलेनै ऐनसवाल आदेशबमोजिम गर्ने गराउने भएको भनी राज्य व्यवस्थाबाट लेखीआएकोले सोबमोजिम गर्ने गराउने प्रबन्ध गर्नुहोला ।

डेपुटी सेक्रेटरी,
गृह विभाग.

गोरखापत्र छापाखानाबाट प्रकाशित

११०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।